जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर। म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
वि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १२ • अंक २८२ • २०८२ श्रावण १६ गते शुक्रवार • 1 Aug. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

# सबै सरोकारवाला निकायलाई जिल्ला विपत् व्यवस्थापन समिति र प्रदेशका मन्त्रालयसँग समन्वय गरी कार्य गर्न निर्देशन

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १५ श्रावण**

प्रदेश विपत् व्यवस्थापन कार्यकारी समिति मधेश प्रदेशको बसेको बैठकले प्रदेशको विपत् सङ्कटग्रस्त क्षेत्रमा प्रभावकारी ढङ्गले कार्य अगाडि बढाउने निर्णय गरेको छ। बैठकमा सबै सरोकारवाला निकायलाई जिल्ला विपत् व्यवस्थापन समिति र प्रदेशका मन्त्रालयसँग समन्वय गरी कार्य गर्न निर्देशन दिने निर्णय गरेको बैठकमा सहभागी मधेश प्रदेश सरकारका प्रवक्ता एवं गृह, सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखीले जानकारी दिनुभयो।

मन्त्री लेखीकै अध्यक्षतामा भएको आजको बैठकले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयलाई विपत् सङ्कटग्रस्त क्षेत्रमा खानेपानी तथा सिँचाइ कार्यालयका लागि विनियोजन भएको तथा सङ्घीय सरकार र अरू माध्यमबाट प्राप्त स्रोतसाधनको प्रभावकारी ढङ्गले कार्य अगाडि बढाउन अनुरोध गर्ने निर्णयसमेत भएको सरकारका प्रवक्ता एवं गृहमन्त्री लेखीले जानकारी दिनुभयो। उहाँले खानेपानी अभाव भएका ठाउँमा विभिन्न माध्यमबाट खानेपानी आपूर्ति भइरहेको भन्दै प्रदेश सरकारले आफ्नो स्रोतसाधनबाट गर्न सकिने कामकाजका लागि क्रियाशील भएर लागेको बताउनुभयो। आजको बैठकमा विपत् सङ्कटग्रस्त क्षेत्रमा विभिन्न पक्षबाट भइरहेको कामकाजबारे समितिका सदस्यले जानकारी गराएको बताउँदै गृहमन्त्री लेखीले नेपाली सेनाको शान्ति मिसनबाट प्राप्त १७ वटा टयाङ्कर र एउटा वम डिस्पोजल गाडीको प्रचलित कानुनबमोजिम अस्थायी दर्ता गर्न श्रम तथा यातायात मन्त्रालय मधेश प्रदेश सरकारलाई सिफारिस गर्नेसहितको निर्णय भएको जानकारी दिनुभयो। बैठकमा प्रदेश सरकारका प्रमुख सचिव, नेपाली सेनाका मधेश प्रदेश प्रमुख, नेपाल प्रहरी, सशस्त्र प्रहरी र अनुसन्धानका प्रमुखसहितको सहभागिता रहेको थियो। त्यसै गरी ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयका निमित्त प्रदेश सचिव रामकुमार खड्काको अध्यक्षतामा मङ्गलबार साँझ विकास साझेदार र मन्त्रालयका विषयगत क्षेत्रका विज्ञहरूको प्रदेशस्तरीय वास क्लस्टरको बैठकले विभिन्न निर्णय गरेको मुख्यमन्त्रीका प्रेस सल्लाहकार अवधेश झाले जानकारी दिनुभयो।



बैठकले विकास साझेदारको क्षमता र कार्य गर्ने क्षेत्रको नक्साङ्कन दुई दिनभित्र सम्पन्न गरी समितिमा पेस गर्ने, तत्काल सुख्खा भएको क्षेत्र पहिचान गरी खानेपानी र सिँचाइ आपूर्ति गर्ने अति जोखिममा परेका समुदाय र परिवारलाई तत्काल राहत पुर्याउने, स्थानीय तह र जिल्ला विपत् व्यवस्थापन समितिसँगको सहकार्य/समन्वयमा कार्य गर्ने, नयाँ डिप बोरिङ वा स्यालो ट्युबेल जडान गर्नुपर्ने आवश्यकता भए दोहोरोपना नहुने गरी कार्य गर्ने तर पुरानोलाई मर्मत गरी सञ्चालनमा ल्याउन पहिलो प्राथमिकता दिने, डिप बोरिङ गर्ने भए विपत् व्यवस्थापन समितिसँग समन्वय गर्ने, वैकल्पिक कृषिको प्रवर्धनमा लगानी गर्ने, चुरे संरक्षण र प्रवर्धनमा निजी, विकास साझेदार तथा सरकारको दीर्घकालीन योजना सञ्चालनमा जोड दिने र सुख्खाग्रस्त क्षेत्रको विपत् व्यवस्थापन तथा प्रतिकार्य योजना हप्ता दिनभित्र तयार गरी समितिमा पेस गर्ने निर्णय गरेको प्रेस सल्लाहकार झाले जानकारी दिनुभयो।

# लैंगिक हिंसा प्रतिकार्य सम्बन्धी मस्यौदा बुझाइयो

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, १५ श्रावण**



लैंगिक हिंसा प्रतिकार्य सम्बन्धी घटना व्यवस्थापन तथा सेवा प्रेषण प्रणाली निर्देशिका, २०८२ को मस्यौदा खेलकूद तथा समाज कल्याण मन्त्री प्रमोदकुमार जयसवाललाई हस्तान्तरण गरेको छ।

लैंगिक हिंसा सम्बन्धी घटना व्यवस्थापन तथा सेवा प्रेषण प्रणाली निर्देशिका, २०८२ को मस्यौदा कार्यदल बिहीबार मन्त्रालय पुगेर मन्त्री जयसवाललाई हस्तान्तरण गरेको हो। कार्य दलका संयोजक समेत रहेकी खेलकूद तथा समाज कल्याण मन्त्रालयका समाज कल्याण महाशाखा प्रमुख निर्मला मिश्रले मन्त्री जयसवाललाई सो मस्यौदा हस्तान्तरण गरेका हुन्। मस्यौदा बुझ्दै मन्त्री जयसवालले महिला हिंसाको घटना रोक्नुका साथै हिंसामा परेकालाई पुर्नस्थापित गर्न निर्देशिकाले न्याय गर्ने विश्वास व्यक्त गरे। मधेश प्रदेश सरकारले थालेको हिंसा विरुद्धको अभियानमा निर्देशिकाको भूमिका महत्वपूर्ण हुने धारणा उनले व्यक्त गरे। निर्देशिका कार्यान्वयनमा आइसकेपछि महिला हिंसा, घरेलु हिंसा लगायत सामाजिक विकृति विरुद्ध प्रदेश सरकारले थालेको अभियानलाई प्रभावकारी रुपले अघि बढाउन सहयोग पुग्ने मन्त्री जयसवालले बताए। अन्य प्रदेशको तुलनामा मधेशमा परम्पराका नाउँमा भइरहेको हिंसाले समाजलाई अन्यायतर्फ धकेलेको छ, उनले भने-यसको विरुद्ध सबै जना मिलेर लाग्नुपर्छ। यो कार्यमा निर्देशिकाले न्याय दिन र पुर्नस्थापना गर्ने कार्यमा सहयोग पुग्ने मन्त्री जयसवालले विश्वास व्यक्त गरे।

खेलकूद तथा समाज कल्याण मन्त्रालयका निमित्त सचिव रंजितकुमार यादवले निर्देशिका कार्यान्वयनमा आइसकेपछि लैंगिक हिंसामा परेकाहरुले न्याय पाउने विश्वास व्यक्त गरे। निर्देशिकामा त्रुटि हुनसक्छ, उनले भने-कानुन एउटा परिवर्तनशील दस्तावेज हो। त्यसैले निर्देशिकाको त्रुटि पनि आगामी दिनमा आवश्यक्ता अनुसार सुधार गरेर अघि बढ्नुपर्ने हुन्छ।

सीएमसी नेपालका शालीग्राम भट्टराईले निर्देशिकाले पीडितलाई घटनाव्यवस्थापनदेखि पुर्नस्थापनासम्मको कार्यमा सहयोग गर्ने जानकारी दिए। पीडितलाई कानूनी सहायता, मनोसामाजिक परामर्श, उपचारको व्यवस्था, अल्पकालीन र दीर्घकालीन सुरक्षा, जीविकोपार्जन लगायतको व्यवस्था निर्देशिकामा गरिएको छ। खेलकूद तथा समाज कल्याण मन्त्रालय, जनकपुरधाम उपमहानगरपालिका, इयु एजेन्सी, युएनएफपीए, सीएमसी नेपाल लगायत गैर सरकारी संघसंस्थाका प्रतिनिधिहरु सम्मिलित कार्यदल गएको बैशाख १५ गतेको बैठकले गठन गरेको थियो। निर्देशिकामा ४ वटा अनुच्छेद र २१ वटा बुँदाहरु रहेको राष्ट्रिय बाल परिषद्का प्रदेश समन्वय अधिकृत संजिव महतोले जानकारी दिए। कार्यदलले तीन महिनामा निर्देशिकाको मस्यौदा तयार गरेर मन्त्रालयमा हस्तान्तरण गरको हो।


"Education Is The Light Of Life"
NAME
COACHING & TRAINING CENTER PVT. LTD.
Janakpurdham-4, (Shantinagar)
(विश्वकर्मा चौक देखि संकटमोचन स्कूल जाने बाटोमा)
Our Running Programme

| Computer Class & English Language | Coaching Class | Tuition Class | Entrance Preparation | Bridge Course |
|---|---|---|---|---|
| | 6,7,8,9,10 | +2 Science<br>+2 Management | • H.A.<br>• Staff Nurse<br>• D-Pharmacy<br>• CMLT (Lab)<br>• Opthalmic Science<br>• Diploma in Civil, Electrical Mechanical Engineering<br>• Lab Technician | • Science<br>• Management<br>• CMAT Preparation |

लोक सेवा आयोग
(१) खरिदार,ना.सु., अधिकृत (३) शिक्षक सेवा (५) शिक्षा सेवा (७) स्वास्थ्य सेवा
(२) प्रहरी सेवा (४) बैंक सेवा (६) महिला विकास (८) प्राविधिक सेवा

हाम्रो विशेषताहरू
१. दक्ष तथा अनुभवी शिक्षक शिक्षिकाद्वारा मनोवैज्ञानिक तरिकाबाट कक्षा संचालन
२. Computer Class को व्यवस्था
३. अंग्रेजी र नेपाली दुवै माध्यममा अध्ययन अध्यापनको व्यवस्था
४. बिहान र बेलुका दुवै समयमा अध्ययन अध्यापनको व्यवस्था
५. प्रत्येक महिनाको अन्त्यमा Monthly Test को व्यवस्था र प्रथम, द्वितिय र तृतिय हुनेलाई पुरस्कारको व्यवस्था।
६. प्रत्येक कक्षामा सि.सि.टि.भि. क्यामरा द्वारा अनुगमन तथा प्रोजेक्टर द्वारा पठन पाठन गराइने
७. प्रत्येक शुक्रबार Revise Class को व्यवस्था
८. कमजोर विद्यार्थीहरुका लागि विशेष कक्षाको व्यवस्था
९. गरीब,दलित, शहीद परिवार, अपाङ्ग विद्यार्थीहरुका लागि विशेष छुटको व्यवस्था
१०. प्रत्येक विद्यालयका प्रथम, द्वितिय र तृतीय विद्यार्थीलाई विशेष छुटको व्यवस्था
११. प्रत्येक शनिबार कुनैपनि विद्यार्थीले न्यूनतम शुल्कमा लोकसेवा आयोगको परिक्षा दिई Feed back कक्षा लिन पाउने सुविधा
१२. Free Wifi को व्यवस्था
१३. Hostel तथा यातायातको व्यवस्था।
9854025530 / 9824885783

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
ESTD-2048
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme
33 Years of Academic Excellence




# राजनीतिमा ईमानदारीताको जरुरी

राजनीतिमा सत्ता असमयमा तल माथि भइरहेको देखिन्छ। विधि र प्रक्रियासम्मत भएका कुरालाई सामान्य रूपमा बुझ्ने र ग्रहण गर्ने संस्कृति नभएसम्म राजनीति विरक्तलाग्दो बनिरहन्छ । राजनीतिको मैदानमा हुने विधिसम्मत खेललाई खेलाडीकै जिम्मामा छोडेर आम मान्छे आआफ्नो कर्ममा व्यस्त बने राजनीति यति गिजोलिन पुग्दैन। बाहिर बसेर पनि सबैलाई राजनीति गर्नुछ। शिक्षक प्राध्यापकलाई पढाउन छोडेर राजनीति हेर्नु र गर्नुछ । डाक्टर बिरामी जाँच्न छोडेर, किसान हलो छोडेर, न्यायाधीश न्याय दिन छोडेर, वकिल वकालत छोडेर, विद्यार्थी पढ्न छोडेर राजनीति हेर्न र गर्न व्यस्त बनेपछि राजनीति वैधानिक खेलाडीभन्दा बाहिर पुगेको देखिन्छ । राजनीतिमा आकर्षण देखिएका छन । राजनीतिमा पाँच वर्षको लागि चुनिएर जानेहरू भगवान्जस्ता लागेको छ त्यसैले पनि राजनीति बिझाएका छन । आफू हुन् नपाएकोमा पोलेको छ दुखेको छ । राजनीतिमा कलाकार जानु परेको छ, समाजसेवी जोडिनु परेको छ, खेलाडी घुस्रिन परेको देखिन्छ। सेवानिवृत्त कर्मचारी जागिर छोडेको भोलिपल्ट राजनीतिमा उर्तन्छ। साहित्यकार लेख्न छोडेर राजनीतिमा आउछ। समाजका यावत् पेसाका यावत् मान्छेलाई आफ्नो पृथक परिचय र प्रतिष्ठाभन्दा राजनीतिमा बढी रहदै आएको देखिन्छ। सत्तामा जाने म्यान्डेट नभए पनि सबैलाई चुनाव जितेको भोलिपल्ट मन्त्री, उपप्रधानमन्त्रीको लस्कर र प्रधानमन्त्री चाहिएका छन। हामी सबैले अराजनीति गरेको कारण राजनीति मैलिएको देखिन्छ। अन्तमा राजनीति गर्नुछ भने जनताको हितकोलागी, टोल, समाज, गाउँ, शहर र देशको लागी राजनीतिमा ईमानदारीता रहोस् भन्ने आम जनताको चाहना रहेको छ।

# २५० मिटर गहिराइमा डिप बोरिङ जडान गरिएमा पर्याप्त मात्रामा पानी उपलब्ध हुने: पौडेल

**जलेश्वरटुडे समाचारदाता**
**बिरगंज, १५ श्रावण**

राष्ट्रपति चुरे-तराई मधेस संरक्षण विकास समितिका अध्यक्ष डा.किरण पौडेलले तराई-मधेसमा भूमिगत रूपमा दुई सय ५० मिटर गहिराइमा डिप बोरिङ जडान गरिएमा पर्याप्त मात्रामा पानी उपलब्ध हुने जानकारी दिएका छन्।

ग्रिनसिटि सामुदायिक सेवा केन्द्र वीरगन्जद्वारा आज यहाँ आयोजित बृहत् वृक्षरोपण कार्यक्रममा उनले तराई मधेसका जिल्लामा एक सय देखि १५० मिटर गहिराइमा पानीको पर्याप्त स्रोत नभएकाले पनि कम्तीमा पनि दुई सय ५० मिटर गहिराइका 'डिपवाटर एक्फर' मार्फत बोरिङ गरेमा पर्याप्त मात्रामा भूमिगत पानी निकाल्न सकिने बताएका हुन्। 'यहाँ विशेष गरी एक सयदेखि एक सय ५० मिटर बोरिङ गरेर भूमिगत पानी तान्ने गरिएको देखिन्छ। तर,यहाँ जमिनमुनिको एक सय ५० मिटरको गहिराइमा पर्याप्त मात्रामा पानीको भण्डारण रहेको छैन,' उनले भने-



'विगत ५० वर्षदेखि दुई सय ५० मिटर गहिराइको भूमिगत पानीको मात्रा जस्ताको तस्तै रहिरहेको छ। तर, हाम्रो छिमेकी मुलुक भारतले दुई सय ५० मिटर गहिराइको पानीको उपयोग गरे पनि नेपालले भने सो सतहको पानीको उपयोग गर्न सकिरहेको छैन । अब हामीले खानेपानी र सिँचाइको लागि कम्तीमा पनि दुई सय ५० मिटर गहिराइको सतहबाटै पानी निकाल्नुपर्ने हुन्छ।'

समितिका अनुसार दुई सय मिटर सम्मको गहिराइको भूमिगत पानीको सतहलाई 'स्यालो वाटर एक्फर' भन्ने गरिन्छ भने दुई सय ५० मिटरको गहिराइको भूमिगत पानीको सतहलाई 'डिप वाटर एक्फर' भन्ने गरिन्छ। अध्यक्ष पौडेलले दुई सय ५० मिटर गहिराइका डिप बोरिङको खर्च तुलनात्मक रूपमा बढी भए पनि यस्ता खालका बोरिङ बढी प्रभावकारी हुने दाबी गरे।

# यादवको हत्या आरोपमा उनकै आमाको प्रेमी साह पक्राउ

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, १५ श्रावण**



जनकपुरधाममा १५ वर्षीया किशोरीको हत्या आरोपमा धनुषा प्रहरीले एक जनालाई सार्वजनिक गरेको छ । धनुषाको बटेश्वर गाउँपालिका ५ घर भई जनकपुरधाम उपमहानगरपालिका- ४, कटैयाचौरी स्थित डेराको कोठामा बस्दै आएकी १५ वर्षीया अञ्जली कुमारी यादवको हत्या आरोपमा उनकै आमाको प्रेमी रामबाबु साह पक्राउ परेका छन्। साहलाई बुधबार राति करिब साढे १० बजेको समयमा क्षीरेश्वरनाथ-९ बाट पक्राउ गरिएको धनुषाका प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक बरुणबहादुर सिंहले जानकारी दिए।

साह यसअघि आफ्नो श्रीमतीको हत्या गरेको घटनामा पाँच वर्ष सजाय काटेर २०७७ मा रिहा भएका थिए। साहले सोमबार राति साढे ११ बजेको समयमा खुकुरी प्रहार गर्दा अञ्जलीको मृत्यु भएको छ भने उनको आमा ३५ वर्षीया आशा यादव र मिथिला नगरपालिका १, ढल्केवर बस्ने होविन्द्र यादवको १४ वर्षीया छोरी राशा यादव घाइते भएका थिए । आशाको धरान स्थित वि.पि. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा उपचार भइरहेको तथा उनको अवस्था गम्भी रहेको प्रहरीले जनाएका छन्। रामबाबुले आशालाई जिविको पार्जनका लागि अटो खरिद गरिदिएकोमा त्यो अटो आफ्नो भाईको नाममा नामसारी गराएको र रामबाबु सँगै बस्ने कोठा सारेर आफ्नो श्रीमानलाई समेत ल्याएको खुलेको छ।




अनुरोधकर्ता
मटिहानी नगरपालिका कार्यालय
महोत्तरी, मधेश प्रदेश

## तपाईको टुडे

मेष: शुभ कार्यको शुरुवात
वृष: मित्रतामा फाटो आउने
मिथून: पढाईमा ध्यान दिनुपर्ने
कर्कट: पिछडेको साथी मिल्ने
सिंह: अनावश्यक खर्चको संभावना
कन्या: अनावश्यक चिन्ता
तुला: मनमा पछुतो आउने
वृश्चिक: खानपानमा समस्या आउने
धनु: अशुभ समाचार प्राप्त हुने
मकर: लामो यात्राको योग छ
कूम्भ: विचार गरेर बोल्नुहोला
मीन: आम्दानी हुने

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# चौध सेकेण्ड मात्र उडेर दुर्घटनाग्रस्त

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १५ श्रावण**



अष्ट्रेलियामा निर्मित पहिलो कक्षीय प्रक्षेपण यान एरिस रकेट बुधबार आफ्नो पहिलो परीक्षण उडानमा १४ सेकेन्ड मात्र उडेर दुर्घटनाग्रस्त भएको छ। गिलमोर स्पेस टेक्नोलोजीजद्वारा प्रक्षेपण गरिएको यो रकेट साना उपग्रहहरूलाई कक्षमा लैजानका लागि डिजाइन गरिएको थियो।

एरिस रकेटले बुधबार बिहान स्थानीय समयमा क्विन्सल्यान्ड राज्यको उत्तरी भागमा रहेको बोवेन नजिकको स्पेसपोर्टबाट परीक्षण उडान भरेको थियो। अष्ट्रेलियाली सञ्चारमाध्यमहरूले प्रकाशित गरेका भिडियोहरूमा २३ मिटर (७५ फिट) अग्लो रकेट प्रक्षेपण टावरलाई खाली गर्दै केही क्षण हावामा उडेको देखिन्छ, तर त्यसपछि दृष्टिबाट बाहिर खसेको थियो। घटनास्थलमा धुवाँको लहरहरू उठेको भएपनि, दुर्घटनामा कुनै हताहतको खबर आएको छैन।

यद्यपि रकेट दुर्घटनाग्रस्त भयो, गिलमोर स्पेस टेक्नोलोजीजले आफ्नो फेसबुक पेजमा एक वक्तव्य जारी गर्दै यस प्रक्षेपणलाई 'सफलता' को रूपमा स्वागत गरेको छ। कम्पनीका एक प्रवक्ताका अनुसार, रकेटका सबै चार हाइब्रिड-चालित इन्जिनहरू प्रज्वलित भए र पहिलो उडानमा २३ सेकेन्ड इन्जिन जलेको समय र १४ सेकेन्डको उडान समावेश थियो। कम्पनीका सीईओ एडम गिलमोरले रकेट लन्चप्याडबाट निस्किएकोमा खुसी व्यक्त गरे। उनले लिङ्कडइनमा लेखे, "निस्सन्देह म अधिक उडान समय मन पराउँथे, तर यसबाट खुसी भएँ।"

# सञ्जय दत्तले के गरे महिलाले दिएको ७२ करोडको सम्पत्ति ?

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १५ श्रावण**



अपरिचित व्यक्तिका लागि कसले पो आफ्नो सम्पत्ति छाडेर जाला ? तर, बलिउडका दिग्गज अभिनेता सञ्जय दत्तको जीवनमा एउटा अचम्मलाग्दो घटना भएको छ।

एक महिलाले उनको लागि ७२ करोड रुपैयाँ बराबरको सम्पत्ति छोडेकी थिइन्। कर्ली टेल्ससँगको कुराकानीमा दत्तलाई एउटा महिला फ्यानले सन् २०१८ मा आफ्नो मृत्यु हुनुभन्दा अघि अभिनेताको नाममा सम्पत्ति छोडेकी थिइन् त भनेर सोधिएको थियो। त्यसको जवाफमा सञ्जय दत्तले यो सत्य भएको बताए। अभिनेता सञ्जयले उक्त सम्पत्ति उनकै परिवारलाई फिर्ता गरिदिएको समेत बताए। के थियो विषय ? २०१८ मा, सञ्जयकी एक फ्यान निशा पाटिलले आफ्नो सम्पूर्ण सम्पत्ति सञ्जय दत्तलाई हस्तान्तरण गरेकी थिइन्। त्यतिबेला यो सम्पत्तिको मूल्य करिब ७२ करोड रुपैयाँ बराबर थियो। यो खबर बाहिरिएपछि निशा निकै चर्चामा आइन्। तर सञ्जय यो कदमबाट छक्क परेका थिए। मुम्बईकी ६२ वर्षीया निशा एउटा असाध्य रोगबाट पीडित थिइन्। आफ्नो मृत्युपछि उनको सबै सम्पत्ति सञ्जय दत्तलाई हस्तान्तरण गर्न उनले आफ्नो बैंकलाई भनेकी थिइन्। तर सञ्जयले यो सम्पत्ति महिलाको परिवारलाई फिर्ता गरिदिए। सञ्जयले सन १९८१ मा आएको फिल्म फिल्म 'रकी'बाट बलिउडमा डेब्यू गरेका थिए। केही अघि उनको द भूतनी र हाउसफुल ५ जस्ता फिल्म रिलिज भए थिए। यतिबेला उनको हातमा कयौँ फिल्म छन्। अखंड २, धुरंधर र द राजा साब यस वर्षको अन्त्यमा रिलिज हुँदैछ। २०२६ मा रिलिज हुने कन्नड फिल्म 'केडी-द डेभिल'मा पनि उनलाई देख्न पाइनेछ।

# च्याम्पियनसिप अफ लेजेन्डस: पाकिस्तानविरुद्धको खेल भारतले गर्‍यो अस्वीकार

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १५ श्रावण**




वर्ल्ड च्याम्पियनसिप अफ लेजेन्ड्स (डब्लुसीएल-२०२५)को सेमिफाइलनमा भारत र पाकिस्तानबीच आज खेल हुने तय थियो। तर भारतीय खेलाडी युवराज सिंह, हरभजन सिंह र शिखर धवनले पाकिस्तानविरुद्ध खेल्न अस्वीकार गरेपछि खेल रद्द भएको छ।

खेल रद्द भएपछि पाकिस्तानलाई भारतसँग सेमिफाइनल खेल नखेलेरै फाइनलमा मौका मिलेको छ। अंकतालिकामा शीर्षमा रहेका कारण पाकिस्तान सिधै फाइनलमा प्रवेश गरेको हो। इन्डिया च्याम्पियन्स टीमका एक सदस्यले देशभन्दा माथि कुनै पनि कुरा नरहेको भन्दै पाकिस्तानविरुद्ध नखेल्ने निर्णय लिइएकोमा कुनै पछुतो नरहेको बताएका छन्। साथै उनले यदि फाइनलमै पाकिस्तान प्रतिद्वन्द्वी रहेको भए पनि आफूहरुको निर्णय त्यही हुने स्पष्ट पारेका छन्। भारत-पाकिस्तानबीच चलिरहेको तनावको सुरुवात जम्मू-कश्मिरको पहलगाममा भएको आतंकवादी आक्रमणदेखि भएको हो। पहलगाम आक्रमणमा पाँच जना आतंकवादीले २६ जना हिन्दू पर्यटकहरुको धर्म सोधेर, कपडा खोलेर हिन्दू हो कि होइन भन्ने जाँच गरेर गोली हानी हत्या गरेका थिए। जसमा एक जना स्थानीय मुस्लिम र एक जना इसाई पर्यटकसमेत थिए। त्यसपछि भारत सरकारले अप्रेशन सिन्दूर मार्फत् पाकिस्तानका आतंकवादी क्षेत्रहरुमा आक्रमण गरेको थियो। त्यसयता भारत र पाकिस्तानबीच हरेक मञ्चहरुमा विवाद रहेको छ।


## रामगोपालपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**रामगोपालपुर, महोत्तरी**
मधेस प्रदेश,नेपाल

### मौजुदा सूचि दर्ता गराउने सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२।०४।१६

यस नगरपालिकाको लागि चालु आ.व.२०८२।०८३ मा आवश्यक पर्ने समान तथा खरिद गर्न सार्वजनिक खरिद ऐनको दफा ६(क) र सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ मा भएको कानूनी व्यवस्था बमोजिम तपसिलको कार्य गर्न ईच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले आ.व.२०८०।०८१ को व्यवसायिक नविकरण भएको प्रमाण पत्र, कर चुक्ता प्रमाणपत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि सहित सार्वजनिक खरिद नियमावलि २०६४ को अनुसूची २ (क) बमोजिमको ढाँचामा निवेदन दिनु हुन र आ.व.२०८१।०८२ मा यस कार्यालयमा सूचिकृत दर्ता गरेको तथा आ.व.२०८१।०८२ को व्यवसाय नविकरण भएको प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र नियमानुसार निवेदन दिनु हुन जानकारी गराईन्छ।

**तपसिल**

१. मसलन्द छपाई तथा कार्यालय सामान आपूर्ति।
२. फर्निचर तथा फर्निशिंग सामान आपूर्ति तथा मरम्मत सम्बन्धी कार्य।
३. मेशिनरी औजार (कम्प्यूटर, प्रिन्टर, फोटोकाँपी मेशिन आदी) तथा ईलेक्ट्रिकल सामान आपूर्ति तथा मरम्मत।
४. भवन मरम्मत सम्भार तथा निर्माण सम्बन्धी सेवा।
५. कुरियर सेवा।
६. प्रशासनिक विषयसँग सम्बन्धी अध्ययन अनुसन्धान तथा विभिन्न विषयसँग सम्बन्धी सफ्टवेयर निर्माण,मरम्मत तथा आपूर्ति र सूचना प्रविधिसँग सम्बन्धी विभिन्न परामर्श सेवा।
७. फलफुल, विरुवा सप्लाई तथा बगैंचा व्यवस्थापन सम्बन्धी कार्य।
८. स्वास्थ्य, पशु, कृषिजन्य औषधी तथा सर्जिकल उपकरणहरु।
९. खाजा, खाना, चिया,पानी आदी सेवा।
१०. विज्ञापन प्रकाशन सम्बन्धी सेवा।
११. विभिन्न प्राविधिक विषयको सेवा आपूर्ति,सबै डिजाइन आदी सेवा।
१२. ईन्टरनेट सेवा।
१३. पत्रपत्रिका आपूर्ति गर्ने काम।
१४. ईन्धन आपूर्ति गर्ने काम।
१५. कार्यालयको कामको सिलसिलामा हुने सेवा

**प्रमुख प्रशासकिय अधिकृत**



## विज्ञापन दर सम्बन्धी सूचना

जलेश्वर टुडे राष्ट्रिय दैनिक पत्रिकाले आर्थिक वर्ष २०८२/०८३ को लागि तपसिल बमोजिमको अधिकतम विज्ञापन दर रेट (भ्याट बाहेक) कायम गरेको व्योहोरा सर्वसाधारण तथा सरोकारबालाहरुलाई जानकारी गराईन्छ।

**तपसिल**

| Page ` | Size | Amount in B/W | Amount in Color |
|---|---|---|---|
| Middle (2/3) Page | Per CC | Rs.2750/- | Rs. 5500/- |
| Back (4) Page | Per CC | + 20 % | + 20 % |
| First (1) Page | Per CC | + 30 % | + 30 % |

सम्पर्क :– जनकपुरधाम–४,क्याम्पस चौक,धनुषा,प्रदेश नं.–२,नेपाल
सम्पर्क मोबाइल :– ९८४४०२७९७१,९८२४८७७६२७(ह्वाट्स एप)
ईमेल :– **jaleshwortoday@gmail.com**
वेबसाइट :– **www.jaleshwortoday.com(Online)**

# लैंगिकता र 'फेमिनिज्म'

-पितृसत्ता एक सामाजिक संरचना हो । पितृसत्तात्मक सोचविचार र व्यवहार महिलामा पनि हुन्छ, कतिपय अवस्थामा पितृसत्ताको भारी महिलाले पनि बोकेरै हिँडिरहेका हुन्छन् भन्ने हामीले भेउ पाइराखेका हुँदैनौं । समाजका मूल्य र मान्यतामा भिन्नता हुँदा पनि लैंगिकता र फेमिनिज्मको विषयमा गहिरो सोच आवश्यक छ । पितृसत्ताको संरचना र पुरुषत्वका दबाबले पुरुष र महिलाको जीवनमा विभिन्न समस्याहरू सिर्जना गरेका छन् । फेमिनिज्मले मानवता र समानताको पक्षमा आवाज उठाउँदै लैंगिक र सामाजिक न्यायको परिकल्पना गर्नुपर्छ । हरेक समाजका मूल्य-मान्यता र धर्म-विश्वास फरक-फरक हुन्छन् ।

कतिपय शब्द र व्यवहार अनि सोच हाम्रो मस्तिष्कमा जोडिई नै सक्यो कि हामी ती चीजलाई पछाडि फर्केर हेर्न पनि चाहँदैनौं । प्रकृतिमा विविधता छ तर प्रकृतिकै बीच भेदभावचाहिँ छैन तर समाजले समाजकै अन्य समुदाय या व्यक्ति-व्यक्तिबीच भेदभाव गराइदिन्छ । बाल्यकालमा तपाईंको परिवारमा लैंगिकता के थियो र अहिले के छ ? महिला हुनु र पुरुष हुनुले तपाईंको जीवनमा घटेका दुःखदायी घटना के-के थिए ? यी र यस्ता घटना व्यवस्थालाई चुनौती दिएका उदाहरण छन् ? मानवीय र प्रकृतिसँगको सहअस्तित्वका बारेमा पनि 'फेमिनिज्म' ले बहस चलाउनुपर्ने देखिन्छ । हामीले कहिल्यै पनि असमानता, विभेदको इतिहास, यथार्थको लडाइँ र विजयका बारेमा गहिराइमा पुगेर सोचेका र मन्थन गरेका या अधिकारका लागि लडाइँ गरेका छैनौं । हामी लैंगिकताको कुरा गरिरहेका छौं । यसभित्र मानव इतिहासको कुरा आउँछ, व्यक्तिगत सम्पत्ति, उद्योगधन्दाको विकासको कुरा आउँछ । विश्व साम्राज्यको कुरा आउँछ अनि पितृसत्ता र पुरुषत्व अनि पुँजीवाद र असमानताको कुरा पनि आउँछ । पितृसत्ताभन्दा बाबुप्रति र पुरुषत्वभन्दा सम्पूर्ण पुरुष अस्तित्वकै विरुद्धको अवधारणा आएको, समाज भाँडेको, नैतिकता हराउँदै गएका महिला भन्ने भान पनि एक पक्षलाई पर्न सक्छ । प्रकृतिप्रदत्त दुई प्राणी महिला र पुरुषमा एक थरी शक्तिमा हावी भएर पितृसत्ता निर्माण हुन पुग्यो र यो व्यवस्था झन्डै ४ हजार वर्ष पहिलेदेखि नै सञ्चालित छ भन्ने कुरालाई हाम्रो मनमस्तिष्कले स्वीकार गर्न नै मुस्किल छ । पितृसत्ता एक सामाजिक संरचना हो । पितृसत्तात्मक सोचविचार र व्यवहार महिलामा पनि हुन्छ । कतिपय अवस्थामा पितृसत्ताको भारी महिलाले पनि बोकेरै हिँडिरहेका हुन्छन् भन्ने हामीले भेउ पाइराखेका हुँदैनौं । लैंगिकताले केवल महिलासँग मात्र सम्बन्ध राख्दैन । नारीत्वको अस्तित्व कुनै शून्य अवस्थामा छैन । यो पुरुषत्वको साथमा रहेको हुन्छ । यसमा एउटा विशेषणको छवि या शक्तिलाई अर्को विशेषणले तय गरिराखेको हुन्छ । महिलालाई कमजोर त्यतिबेला सम्झिइन्छ, जतिबेला पुरुषलाई बलवान् या शक्तिशाली सम्झिइन्छ । हामी जुन पितृसत्तात्मक समाजमा रहिरहेका छौं, त्यस समाजमा पुरुषको छवि तथा भूमिकामा पुरुषले पनि पीडा तथा अन्याय सहनु परिराखेको छ ।



पुरुषलाई भावनात्मक हुन, कमलो हुन, आफ्नो कमजोरी देखाउन, डर देखाउन या स्वीकार गर्न यस समाजले रोकिराखेको छ । उनीहरूलाई हमेसा परिवारको रक्षक, पालनपोषणकर्ताको भूमिकामा दबाब परिराखेको हुन्छ । त्यसैले पनि यी पक्ष अनिवार्य भइसकेका छन् कि पुरुषत्वले उनीहरूमा पार्ने असरमा पनि ध्यान पुऱ्याउनुपर्नेछ । पुरुषत्वकै कुरा गरिरहँदा धेरै पुरुष शासकीय या शक्तिशाली पुरुषत्वको कथित मान्यताको मापदण्डमा पुग्न सक्दैनन् । यदि उनीहरू आक्रामक हुन सकेनन् भने उनीहरूको खिल्ली उडाइन्छ- 'नारी, महिला, आईमाई' जस्ता उपमा दिएर । सोझो र विनम्र केटालाई अन्य बलिया, दादा किसिमका पुरुषले शारीरिक र मानसिक शोषण गर्न पनि पछि पर्दैनन् । पुरुषत्वलाई उनीहरूको यौन शक्तिसँग पनि जोडेर हेरिने हुनाले कतिपय पुरुष आफूलाई यो मामिलामा असुरक्षित महसुस गर्ने र चिन्ताको सिकार भइरहेका हुन्छन् । समय आइसकेको छ कि यस्ता मुद्दामा संवेदनशील भएर चर्चा होस् । 'फेमिनिज्म' ले यस्ता पक्षलाई पनि समेटोस् । पुरुषत्वमा हुनुपर्ने गुणहरूमा रफ, टप, चाम्रो, रिसाहा, उच्च महत्त्वाकांक्षा भएको, यौनिक आवेग (हिंसात्मक), महिलाप्रति सुरक्षात्मक र अधीनस्थजस्ता कुरालाई समेटिन्छ । अनुसन्धानकर्ताहरूले जैविक रूपमा शरीरका केही अंगको महिला र पुरुषमा केही भिन्नता तथा प्रजनन अंगको फरक भए पनि अन्य भूमिका र गुण भने समाजबाट नै सिर्जित हुने मान्यता राख्छन् । तर जैविक विशेषताले नभई कठोर सामाजिक मूल्य मान्यताले नै पुरुषत्व र स्त्रीत्वको सिर्जना गरेको हुन्छ । विभिन्न विचारधारा, धार्मिक राजनीतिक धारणा, राष्ट्रिय तथा अन्य साम्प्रदायिक धारणा पनि पुरुषत्वलाई नै बढावा दिने खालका छन् । उदाहरणका रूपमा महिलालाई परम्परा, संस्कृति र सामूहिक पहिचानको रक्षक र पुरुषलाई आफ्नो क्षेत्र र सिमानाको रक्षकका रूपमा मानिन्छ । त्यस्तै गरेर सबै प्रकारका तौरतरिका, गुण, असलपन दर्शाउने सवालमा पनि पुरुषत्व र नारीत्वको अभ्यास गरिन्छ । स्वतन्त्रता, लोकतन्त्र, मातृभूमि, पितृभूमिजस्ता तर्कलाई पुरुषत्वका रूपमा ग्रहण गरिन्छ भने भावना र कमजोरीपनलाई स्त्रीत्वका रूपमा बुझ्ने गरिन्छ ।

यी सामाजिक संरचनाकै कारणले पुरुष अनेक पारिवारिक सामाजिक समस्यालाई खुलेर छलफल नगरी यो मेरो जिम्मेवारी हो भन्दै एक्लै अगुवा हुन खोज्दा विभिन्न आर्थिक मनोवैज्ञानिक समस्यामा फस्न पुग्छन् । तर पनि यी कुराहरू दबाउँदै मदिरा र अन्य लागू पदार्थको सेवन पनि गर्न पुग्छन् र यस्ता चीजबिजको अम्मली नै बन्छन् । कतिपय पुरुष सदस्य भित्रभित्रै अहंकार, आवेग र एक्लोपनले सताउँदै लगेर विभिन्न शारीरिक समस्यासँग पनि जुधिरहेको देख्न सकिन्छ ।

साभार : कान्तिपुर ।


## पत्रिका/पेपर


कम्प्यूटराईज गराउन सम्झनुहोस।



सम्पर्क -: दिलीप कुमार साह :-


मो.नं.-९८४४०५१४८७, ९७०९०५७०६१ (जनकपुरधाम)

एकचोटी सेवाको मौका अवश्य दिनुहोला








प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday